# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ऐसेलुखर्क, खोटाङ

प.सः- २०८१/०८२
च.नः-

ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

## ऐसेलुखर्क शनिबारे हाटबजार ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/२६**

नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० र मिति २०८१ साल साउन २२ गते बसेको कार्यपालिकाको निर्णय बमोजिम यस ऐसेलुखर्क गाउँपालिकाको ऐसेलुखर्क-३, हाटडाँडामा साप्ताहिक रुपमा लाग्ने शनिबारे हाट बजारको आ.व. २०८१/०८२ को लागि गाउँपालिकाको आर्थिक ऐन बमोजिम निर्धारण भएका करको क्षेत्र तथा दरमध्ये जुत्ता, चप्पल सिलाई, फलामको औजार तथा सामान र काठका हस्तकलाका सामाग्रीहरुमा लाग्ने कर बाहेक नियमित हाटबजार सेवा शुल्क (राजस्व) उठाउने प्रयोजनको लागि बढी बढाउमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक नेपाली व्यक्ति, संस्था, फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ

**तपसिल**

१. दरभाउपत्रको न्यूनतम बोल रकम रु. ४०,०००/- (अक्षरुपी चालिस हजार मात्र)।
२. दरभाउपत्र फाराम दस्तुर रु. १०००/- (पछि फिर्ता नहुने गरी) गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्नु पर्नेछ।
३. दरभाउपत्र पेश गर्दा बोल कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. ऐसेलुखर्क शाखामा रहेको धरौटी खाता नं. २३३०१००३०३०१०००२ मा जम्मा गरेको भौचर संलग्न हुनु पर्नेछ।
४. दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्रमा सम्झौता गरी इजाजतपत्र (पटा) उठाइसक्नु पर्नेछ।
५. शनिबारे हटियामा संकलन गरिने हाटबजार सेवा शुल्क कर ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८१/०८२ को आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।
६. सबै भन्दा बढी अंक कबोल गर्नेको दरभाउपत्र स्वीकृत गरिनेछ। स्वीकृत दरभाउपत्रमा कबोल अंकको रकम जम्मा तीन किस्तामा भुक्तानी गर्नुपर्नेछ र पहिलो किस्ताको रकम सम्झौता गर्दाको समयमानै दाखिला गर्नुपर्नेछ। दोश्रो र तेश्रो किस्ताको रकम चौमासिक रुपमा अग्रिम बुझाउनु पर्नेछ। ठेक्का सम्झौता नभए सम्म कसैको पनि धरौटी फिर्ता गरिने छैन।
७. दरभाउपत्र मिति २०८१/०६/०९ गते दिनको १२:०० बजे सम्म दर्ता गराई सक्नुपर्नेछ। सोही दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा दरभाउपत्र खोलिनेछ।
८. रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।
९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ।
१०. दरभाउपत्र फारामको साथ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र संस्था, फर्म वा कम्पनीको हकमा कम्पनी दर्ता प्रमाणपत्र, करचुक्ता साथै अन्य कागजातहरु अनिवार्य हुनेछ।
११. अन्य थप जानकारीका लागि ऐसेलुखर्क गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ऐसेलुखर्क, खोटाङमा सम्पर्क राख्न सकिनेछ।
१२. माथि उल्लेखित बाहेकका विषयहरु प्रचलित कानुन बमिजिम हुनेछ।

२०८१/०५/२५

प्रमुख प्रशासकीय अधिकृत
रेखबहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

☎ ०३६-४१११०३ ☎ ०३६-४१११०४ ☎ अध्यक्ष ९८५२८४९६८५ ☎ उपाध्यक्ष ९८५२८४९६८६
☎ प्रमुख प्रशासकीय अधिकृत ९८५२८४९७१३ ☎ आर्थिक प्रशासन शाखा ९८५२८४९०९२ ☎ सूचना अधिकारी ९८५२८४९०९३
**E-mail :**info@aiselukharkamun.gov.np
**Website:**www.aiselukharkamun.gov.np